**कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औं अधिवेशन अन्तर्गत मिति २०८० आषाढ ७ गते बसेको बैठकको निर्णयहरू**

प्रस्तावहरू

१. गाउँसभाको चौधौ अधिवेशन आव्हान गरेको पत्रको जानकारी सम्बन्धमा,

२. शुभकामना ज्ञापन,

३. लेखा समिति, विधायन समिति र सुशासन समिति गठन प्रस्ताव र स्वीकृती सम्बन्धमा,

४. कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० सम्बन्धमा,

५. कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा,

६. विविध ।

निर्णयहरू

**१. गाउँसभाको चौधौ अधिवेशन आव्हान गरेको पत्रको जानकारी सम्बन्धमा,**

गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूबाट गाउँसभाको चौधौ अधिवेश आव्हान गरेको पत्र गाउँसभा समक्ष वाचन गर्नुभयो ।

**२. शुभकामना ज्ञापन,**

कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशनको प्रारम्भमा देहाय बमोजिमका गाउँसभा सदस्यहरूबाट अधिवेशनको सफलताको शुभकामना ज्ञापन गर्ने कार्य सम्पन्न भयो :

<u>देहाय</u>

मिना बि.क.

कुमारी घर्ती मगर

चित्रलाल तुलाचन

**३. लेखा समिति, विधायन समिति र सुशासन समिति गठन प्रस्ताव र स्वीकृती सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको देहाय बमोजिमको सदस्यहरू रहने गरी लेखा समिति, विधायन समिति र सुशासन समिति गठन प्रस्ताव सर्वसहमतिले स्वीकृत भयो ।

<u>देहाय</u>

**(क) लेखा समिति**

संयोजक : श्री हरि नारायण थारू

सदस्य : श्री दिपक अधिकारी

सदस्य : श्री तुल बहादुर गुरूङ्ग

सदस्य सचिव : आर्थिक प्रशासन शाखा प्रमुख

(ख) विधायन समिति

संयोजक : श्री चित्रलाल तुलाचन

सदस्य : श्री मिना बि.क.

सदस्य : श्री रञ्जना थारू

सदस्य सचिवः प्रशासन शाखा प्रमुख

(ग) सुशासन समिति

संयोजक : श्री टिकाराम सापकोटा

सदस्य : श्री कुल प्रसाद पौडेल

सदस्य : श्री लेखा राहादी

सदस्य सचिव : योजना शाखा प्रमुख

४. **कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० सम्बन्धमा,**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १३ को उपदफा १ बमोजिम कार्यपालिका सदस्य श्री कुमारी घर्ती मगरज्यूले सभासमक्ष कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० पेश भई सैद्धान्तिक पक्षमा सभाका सदस्यहरूद्वारा प्रस्तुत विधेयक उपर सैद्धान्तिक छलफलमा कुनै पनि सदस्यले भाग लिन नचाहेकाले लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा १ बमोजिम ४८ घण्टाको समयभित्र संशोधनका लागि समय प्रारम्भ भएको र सोही ऐनको दफा १६(१) बमोजिम दफावार छलफलका लागि विधायन समिति समक्ष प्रेषित गर्नका लागि सर्वसहमतिले स्वीकृत भयो ।

५. **कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औ अधिवेशनको पहिलो बैठकमा गाउँपालिकाका अध्यक्ष श्री नवराज ढकालज्यूद्वारा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भई प्रस्तुत नीति तथा कार्यक्रम उपर सभासदस्य श्री मिना बि.क. र इन्दिरा गौतमले उठाउनु भएको जिज्ञासा सम्बन्धमा अध्यक्ष श्री नवराज ढकालबाट छलफलमा उठाउनु भएका प्रश्नहरूको जवाफ दिनु भई सभासमक्ष कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम निर्णयार्थ पेश हुँदा सर्वसहमतिले पारित भयो ।

६. **विविध**

**क. गाउँसभाको १४ औ अधिवेशनको दोस्रो बैठक आव्हान सम्बन्धमा,**

गाउँसभाको १४ औ अधिवेशनको दोस्रो बैठक मिति २०८० आषाढ १० गते दिनको १ बजे बस्ने गरी १४ औ अधिवेशनको पहिलो बैठक स्थगित भयो ।